REGIONAL NEWS

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS

18:40 hrs 26.10.2024

## Sahitik Mahotsav

परी प्रकाशन सोरेङको तत्वावधानमा आजदेखि गान्तोकस्थित मनन केन्द्रमा दुई दिवसीय अन्तराष्ट्रिय साहित्यिक महोत्सव 2024 आरम्भ भयो। वरिष्ठ साहित्यकार एवं कवि डा. राजेन्द्र भण्डारीको अध्यक्षतामा आयोजित आजको उद्घाटन समारोहमा अन्य अतिथि लगायत परी प्रकाशनका प्रमुख संरक्षक तथा मुख्यमन्त्री श्री प्रेमसिंह तामाङ पनि उपस्थित हुनुहुन्थ्यो। अन्तर्राष्ट्रिय साहित्यिक महोत्सवको पहिलो दिनको कार्यक्रममा समकालीन नेपाली साहित्यमा देखिएका प्रयोग, प्रभाव एवं प्रवृत्तिहरूसम्बन्धी सामूहिक चर्चा प्रमुख आकर्षण रहेको थियो। चर्चाका स्रोतवक्ताहरूमा पोखरा नेपालका डा. रामचन्द्र पोख्रेल, सिक्किम विश्वविद्यालयका प्राचार्य कविता लामा, आसामबाट ज्ञानबहादुर छेत्री, कालेबुङबाट सुधीर छेत्री र नाम्ची महाविद्यालयका डा. दुर्गा छेत्री रहेका थिए। साङ्गीतिक एवं सांस्कृतिक प्रस्तुतीका साथमा आयोजित आजको कार्यक्रममा सभाध्यक्षको सम्बोधन राख्दै डा. राजेन्द्र भण्डारीले सिक्किम राज्यमा घटेका विभिन्न घट्नाक्रममाथि पनि साहित्य लेखिनुपर्ने कुरामा जोड दिनुभयो। आयोजकपक्षले जानकारी गराएअनुसार भोलि समापोन समारोहमा पनि मुख्यमन्त्री श्री प्रेमसिंह तामाङको विशेष उपस्थिति रहनेछ।

## Indra Hang

सिक्किमका सांसद श्री श्री इन्द्र हाङ सुब्बा आधिकारिक रूपमा खाद्य प्रशोधन उद्योग मन्त्रालयको परामर्श समितिमा नियुक्त हुनुभएको छ। श्री सुब्बाले सामाजिक सञ्जाल पोस्टमा भारतको खाद्य प्रशोधन क्षेत्रका विकासमा योगदान पुऱ्याउने अवसर दिएकामा प्रधानमन्त्री श्री नरेन्द्र मोदीप्रति कृतज्ञता व्यक्त गर्नुभएको छ। श्री सुब्बाले आफ्नो नयाँ भूमिकाको महत्त्वबारे जोड दिँदै भन्नुभएको छ, "सेवा गर्ने यो अवसर पाउनु सम्मान र जिम्मेवारी हो। म हाम्रा किसानहरूको उत्थान गर्ने, ग्रामीण अर्थतन्त्रलाई बलियो बनाउने र देशको कृषिमुखी मूल्य श्रृङ्खलालाई उत्थान गर्ने नीतिहरू अगाडि बढाउन प्रतिबद्ध छु।" उहाँले आत्मनिर्भर भारतका लागि राष्ट्रले देखेको सपना साकार पार्न खाद्य प्रशोधनको महत्त्वमा जोड दिनुभयो र अर्थपूर्ण परिवर्तनलाई अगाडि बढाउन समितिका सदस्यहरूसँग मिलेर काम गर्न आफू उत्सुक रहेको बताउनुभयो।

## DG, MIB meets C.M

सूचना तथा प्रसारण मन्त्रालय अन्तर्गत उत्तर-पूर्वी क्षेत्रका महानिर्देशक श्री के. सतीश नम्बुदिरिपाडले आज मुख्यमन्त्री श्री प्रेमसिंह तामाङलाई मन्तोग्याङमा भेट गर्नुभयो। उहाँहरूबीच पूर्वोत्तर क्षेत्रमा सञ्चार र मिडियाको पहुँच बढाउने उद्देश्यका पहल र कार्यक्रमहरूबारे छलफल भएको छ। साथै, पूर्वोत्तर क्षेत्रको विकासका लागि, विशेष गरी सिक्किमको अनुपम स्थितिका सन्दर्भमा सूचनाको प्रसार र सञ्चार रणनीतिहरूबारे पनि छलफल भएको छ।

## Swachhta Freedom Run

फिट इन्डिया स्वच्छता फ्रिडम रन 5.0, “स्वच्छ भारत, स्वस्थ भारत” भन्ने विषयका साथ अक्टोबर २ देखि ३१ सम्म देशभरि मनाइँदै छ। स्वस्थ जीवन शैलीका लागि नागरिकहरूमा चेतना जगाउन अगस्त २०२० मा फिट इन्डिया फ्रिडम रनको परिकल्पना गरिएको थियो। यो अभियान ३१ अक्टोबर २०२४ मा "भारतका लौह पुरुष" सरदार वल्लभ भाई पटेलको जन्मजयन्तीका अवसरमा युनिटी रनका साथ समाप्त हुनेछ। हिजो नाम्चीमा, भारतको खेलकुद प्राधिकरण, भारतीय खेलकुद प्राधिकरण प्रशिक्षण, STC नाम्चीले सिक्किम सरकारको खेलकुद तथा युवा मामिला विभागसँगका सहकार्यमा फ्रिडम रन आयोजना गरेको थियो। कार्यक्रममा खेलकुद तथा युवा मामिला विभाग नाम्चीका उपनिर्देशक श्री वसन्त प्रधान, खेलकुद एकेडेमीका खेलाडीहरू, खेलो इण्डिया सेन्टरका खेलाडी र क्लबका सदस्यहरू सहभागी थिए।

## Gyslsing-Kaustuv Jayanti

गेजिङ-बर्मेक निर्वाचन क्षेत्रको मार्तम महात्मा श्रीजङ्घा सरकारी उच्चतर माध्यमिक विधालयमा आज आगामी कौस्तुभ जयन्ती समारोहका निम्ति दोस्रो समन्वयक सभा क्षेत्र विधायक श्री लोकक नाथ शर्माका अध्यक्षतामा सम्पन्न भयो। सभालाई सम्बोधन गर्दै विधायक श्री शर्माले कौस्तुभ जयन्ती कार्यक्रम सन्देशमूलक हुनुपर्ने कुरामा जोड दिनुभयो।

## Kickboxing

सिक्किम एसोसिएसन अफ किकबक्सिङ अर्गनाइजेसनले आज ६ देखि १३ अक्टोबरसम्म नोम पेन्ह, कम्बोडियामा सम्पन्न एसियन किकबक्सिङ सिनियर्स च्याम्पियनशिप २०२४ मा देशको प्रतिनिधित्व गर्ने र पदक जित्ने चार किकबक्सरलाई सम्मान जनाएको छ। सिक्किम ओलम्पिक संघले पदक विजेताहरू प्रत्येकलाई 15 हजार नगद पुरस्कार पनि प्रदान गरेको छ। संघका अध्यक्षले चारै किकबक्सरलाई अन्तर्राष्ट्रिय स्तरमा आफ्नो उपलब्धिद्वारा देश र राज्यलाई गर्वित तुल्याएकामा बधाई दिँदै, 'प्राइड अफ सिक्किम' अर्थात् सिक्किमको गर्व-को संज्ञा दिनुभयो।